समयः- ३ घण्टा | पूर्णाङ्कः-१००

कक्षा :- ७ | **विषय :- नेपाली** | उत्तीर्णाङ्कः-४०

नोटः विद्यार्थीले उत्तर दिंदा घोकेको, हुवहु सारेको जस्तो नदिई आफ्नै शैलीमा दिएको हुनुपर्नेछ । त्यस्ता उत्तरलाई अङ्क दिंदा बढी प्राथमिकता दिइनेछ ।

प्र.नं. १. सबै प्रश्नहरु अनिवार्य छन् । २×१४=२८

क) उन्नतिमा लाग्नेले किन निन्द्रा त्याग्नुपर्छ ?

ख) भिमसेनले नागराजलाई नमस्कार गरेर के भने ?

ग) इस्वी सन्को गणना कहिले देखि हुन थालेको हो ?

घ) भूपि शेरचनको वास्तविक नाम के हो ? उनको जन्म कहिले र कहाँ भएको थियो ?

ङ) पहाड र तराईमा कुन ठाउँमा बढी यातायातको साधनहरु छन् र किन ?

च) हलुका मिजासले के हुन्छ ?

छ) बूढाका सातै भाई छोराहरुले कसका कुरा सुने ?

ज) रणबहादुर शाहले किन बहादुर शाहलाई नायती बाट हटाए ?

झ) संसारको सवभन्दा मीठो खाना के हो ? सानी केटीको सीप कस्तो थियो ?

ञ) सप्तकोशीमा कतिवटा नदी मिसिएका छन? हङकङ कहाँ छन् ?

ट) आइस्टाइनको जन्म कहिले र कहाँ भएको थियो ?

ठ) नेपालमा तिर्थयात्रा घुम्दा हुने ४ वटा फाइदाहरु लेख ?

ड) नेपालीले कस्तो शिक्षा पाएका हुन्छन् ?

ढ) अमरवुद्धिको देश कसरी प्रसिद्ध भयो ?

प्र.नं.२. लामो उत्तर देऊ (कुनै २ को मात्र) ***२×५=१०***

क) नेपालको इतिहासमा तिमीलाई मनपर्ने व्यक्ति को हो ? त्यो व्यक्ति तिमीलाई किन मनपर्छ ?

ख) पानीको महत्व बारे वर्णन गर ।

ग) तिमीले देखेको कुनै एक रोपाईको बारेमा वयान गर ।

प्र.नं.३. भावविस्तार गर ***२×५=१०***

क) आत्मा मेरो अमर छ वुझ्यौ अस्त केल्यै म हुन्नँ ।

ख) "आइस्टाइन अनौठा र असामान्य व्यक्ति थिए ।" पुष्टि गर ।

प्र.नं.४. तल दिइएका शब्दको अर्थ लेख । ***७×०.५=८.५***

कान्ट, मोजार्ट, वियोभन, नाजी, सापेक्षतावाद, आन्तरिक पर्यटन, ग्लोव, द्रवित, शुभ्र, भकभकाउनु, नायती, उल्लास, सितिमिती, धृति, विकट, नक्षत्र, छेलो ।

प्र.नं.५. वाक्यमा प्रयोग गर । ***१×५=५***

अस्वीकार, क्रान्ति, भौगोलिक, भाइमारा, मुर्कुट ।

प्र.नं.६. खाली ठाउँ भर । ***०.५×९=४.५***

रन र वन.....धन.....कड्किए.....
ढुङ्गा...गंगाहरुमा.....पहिरो.....पुरानो.....बज्रमा.
..... आउ है बर्षा । कोशेली पोल्टो बादल..... ॥२॥

प्र.नं.७. तलका अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर देऊ । १×४=४

अनुशासन शब्द सुन्नमा कति सानो छ । लेख्नमा कति सजिलो छ तर यसलाई पूरा गर्न अनि पालना गर्न धेरै कठिन रहेछ । अनुशासन केवल मान्छेलाई मात्र होइन प्रत्येक प्राणिलाई आवश्यक छ । अनुशासनमा रहने प्राणी, मानिस सवैको प्यारो भएको कुरा हामीलाई थाहा छ । मेरो विचारमा अनुशासन २ किसिमका हुन्छन् । १. आत्म अनुशासन २. नदिएको अनुशासन । त्यसमा आत्म अनुशासन सवैभन्दा असल हो । आत्म अनुशासन भनेको आफ्नो आत्मबाट प्रष्फूटित भएको अनुशासन हो । यसले व्यक्तिलाई सदैव सफलताको शिखर तिर लम्काईरहेको हुन्छ । लादिएको अनुशासन भनेसम्म सुनेसम्म मान्ने अनि केहिवेर पछि पुन गतिहिन गाडी जस्तै लादिएको अनुशासनले व्यक्तिलाई खुम्चाउने काम मात्रै गर्छ । त्यसैले अनुशासन भनेको आफ्नो भित्रि आत्मबाट जागृत हुनुपर्छ । सिकाएर होइन लादिएर होइन सिर्फ जागृत भएर ।

क) कुन शब्द सुन्नमा र लेखनमा सजिलो छ ?

ख) कस्तो प्राणी र मानिस सवैको प्यारो हुन्छ ?

ग) लादिएको अनुशासनले व्यक्तिलाई के गर्ने काम गर्छ ?

घ) माथिको अनुच्छेदको उचित शिर्षक के हुन सक्छ ?

ब्याकरण खण्ड

प्र.नं.१. रचना खण्ड

तल दिइएका शिर्षकमा कम्तीमा तीन तीन अनुच्छेदमा निवन्ध रचना गर । ***३***

क) वातावरण र वन

प्र.नं.२. तल दिइएका शिर्षकमा संवाद लेख । ***२.५***

क) रेडियोको महत्व

प्र.नं.३. आफ्नो आर्थिक स्थिति कमजोर रहेको कुरा व्यक्त गर्दै प्रधानाध्यापकलाई निवेदन लेख ।

प्र.नं.४. 'म किताव हुँ' भन्ने शिर्षकमा एक आत्मकथा लेख । ***२.५***

प्र.नं.५. तल दिइएका वाक्यांश बाट पदवर्ग छुट्टाउ । ***२.५***

मेरो भाइको नाम सुनिल हो । उ कक्षा चारमा पढ्छ । उसले किताबलाई माया गर्छ ।

प्र.नं.६. कोष्ठमा दिइएका निर्देशन अनुसार व्याक्य परिवर्तन गर । ***३***

क) गुरु आउनुभयो । (वहुवचन)

ख) समाचारपत्रहरु प्रभावकारी सञ्चारका माध्यमहरु हुन् । (एकवचन)

ग) हामी पुस्तक पढछौं । (प्रथम पूरुष)

घ) तँ पुस्तक पढ्छस । (तृतिय पूरुष)

ङ) माहुरी उडी । (पुलिङ्ग)

च) माइलो थला पर्दै गयो । (स्त्रिलिङ्ग)

प्र.नं.७. तीनै कालमा तीनै पक्षको प्रयोग गरेर तिम्रो स्कूलको वर्णन गर । ***४.५***

प्र.नं.८. तल सात किसिमका विभक्ति दिइएको छ । तिमी त्यसलाई उचित स्थानमा राखेर उत्तर पुस्तिकामा सार ।

को, का, की, मा, बाट, देखि, ले लाई । ***३.५***

प्र.नं.९. तल दिइएका शब्दलाई शुद्ध पारी सार । ***६***

बास्तविक, बन्दना, जव, वेर्नु, त्तासभिस, पत्ताउनु, रिनु प्रियक, कृसि, ईस्वर, शामाजिक, किष्ना ।